## प्रेस विज्ञप्ति

सरकार र निजीक्षेत्रको बीचमा नीति संवादको स्थायी संयन्त्रको रुपमा अर्थ मन्त्रालय अन्तर्गत रहेको राजस्व परामर्श समितिले नेपाल सरकारले संघीय संसदमा पेश गर्ने आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य मार्फत घोषणा गरी कार्यान्वयन गर्ने राजस्व नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने राजस्व नीति, कानून, करका दरहरू, सङ्गठनात्मक संरचना तथा कार्यप्रक्रिया र तीनमा गर्नुपर्ने सुधार लगायतका विषयहरु समावेश गरी सुझाव सहितको प्रतिवेदन माननीय अर्थ मन्त्रीज्यू समक्ष मिति २०७६/०२/१० गते प्रस्तुत् गरेकोछ ।

अर्थ मन्त्रालयका सचिव (राजस्व) तथा समितिका संयोजक श्री लालशंकर घिमिरेले उक्त प्रतिवेदन माननीय मन्त्रीज्यूलाई पेश गर्दै समितिका सदस्यहरुबीच व्यापक छलफल पश्चात् सर्वसम्मत दस्तावेजको रुपमा प्रतिवेदन आएको उल्लेख गर्नुभयो ।

समितिले सातवटै प्रदेशका विभिन्न शहरहरुको साथै काठमाण्डौंमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु, सरोकारवालाहरुले विभिन्न माध्यमहरुबाट प्रेषित गरेका र समिति अन्तर्गत गठन गरिएका विभिन्न उपसमितिहरुले प्रस्तुत गरेका सुझावहरुको अध्ययन, विश्लेषण र छलफल गरी कार्यान्वयनयोग्य सुझावहरुलाई समेटी प्रतिवेदन तयार गरेको छ। विषय र प्रकृति अनुसार कर प्रणाली सुधार (नीतिगत/कानुनी/सूचना प्रविधि तथा प्रक्रियागत सुधार समेत), ऐन नियमहरुमा सुधार/संशोधन, प्रशासनिक सुधार, करको दायरा विस्तार, दरहरुको पुनरावलोकन तथा सुदृढ संघीय वित्त व्यवस्था, लगानी तथा निर्यात प्रवर्द्धन, पूर्वाधार विकास र व्यापार सहजीकरण, गैरकर राजस्व परिचालन तथा व्यवस्थापन, बैंक तथा वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीबजार, छुट, सुविधा तथा सहुलियत, राजस्व चुहावट नियन्त्रण र विविध गरी विभिन्न १० समूहमा समूहीकरण गरी प्रतिवेदन प्रस्तुत् गरिएको छ ।

प्रतिवेदन ग्रहण गर्दै माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यूले राजस्व प्रणालीको सुधारलाई निरन्तर अघि बढाइने र करको दायरा विस्तारमा सरकार प्रतिवद्ध रहेको तथा समितिले पेश गरेको प्रतिवेदनका सुझावहरुलाई औचित्य पुष्टी हुने गरी बजेटमा सम्बोधन गर्न प्रयास गरिने बताउनु भयो ।

उत्तर कुमार खत्री
सहसचिव/प्रवक्ता

जेठ १०, २०७६
अर्थ मन्त्रालय